**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- अपरेशन सिन्दूरलाई ध्यानमा राख्दै सरकारले आज नयाँ दिल्लीमा सर्वदलीय बैठक बोलाएको छ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले हिज पाकिस्तान र नेपालसँग जोडिएका सीमावर्ती राज्यका उपराज्यपालहरू र मुख्यमन्त्रीहरूलाई राष्ट्रविरोधी प्रचारमा कडा निगरानी राख्न आग्रह गर्नुभएको छ ।
- रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ, भारतले अपरेशन सिन्दूरको साथ बदला लिने आफ्नो अधिकार प्रयोग गरेको हो र धेरै विचार-विमर्श पछि सन्तुलित तरिकाले कारबाही गरिएको हो ।
- भारतीय सेनाले गरेको अपरेशन सिन्दूरपछि विश्व समुदायले भारतसँग ऐक्यबद्धता देखाएको छ।
- भारतीय कप्तान तथा ब्याट्सम्यान रोहित शर्माले टेस्ट क्रिकेटबाट सन्यासको घोषणा गरेका छन्।

**सर्वदलीय बैठक**

अपरेशन सिन्दूरलाई ध्यानमा राख्दै सरकारले आज नयाँ दिल्लीमा सर्वदलीय बैठक बोलाएको छ। बैठकमा सबै राजनीतिक दलका नेताहरूलाई अपरेशन सिन्दूरको बारेमा जानकारी गराइनेछ। पार्टी लाइनभन्दा बाहिर रहेर नेताहरूले अपरेशन सिन्दूरको प्रशंसा गरेका छन् र आतंककारीहरू विरुद्ध सशस्त्र बलको कारबाहीमा गर्व व्यक्त गरेका छन्। यसअघि पहलगाम आतंकवादी हमलापछि सबै दलहरूले सरकारको हरेक सम्भावित कार्यलाई समर्थन गरेका थिए।

**शाह-मुख्यमन्त्री भेटवार्ता**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज पाकिस्तान र नेपालसँग जोडिएका सीमावर्ती राज्यका उपराज्यपालहरू र मुख्यमन्त्रीहरूलाई सामाजिक सञ्जाल प्लेटफर्महरूमा गरिने राष्ट्रविरोधी प्रचारमा कडा निगरानी राख्न आग्रह गर्नुभएको छ । नयाँ दिल्लीमा सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्दै श्री शाहले राज्य सरकार र केन्द्रीय एजेन्सीहरूसँग समन्वय गरेर तुरुन्तै कारबाही गर्न निर्देशन पनि दिनुभयो। गृहमन्त्रीले निर्बाध सञ्चार कायम राख्न हरसम्भव प्रयास गर्नुपर्ने र संवेदनशील स्थानहरूको सुरक्षालाई अझ सुदृढ गर्नुपर्ने बताउनु भयो। उहाँले राज्यहरूलाई जनतामा अनावश्यक आतंक रोक्न र अफवाहहरू विरुद्ध जनतामा जागरूकता फैलाउन आग्रह गर्नुभयो। गृहमन्त्रीले स्थानीय प्रशासन, सेना र अर्धसैनिक बलबीच समन्वय अझ बढाउनुपर्नेमा जोड दिनुभयो ।श्री शाहले सबै राज्यहरूलाई मॉक ड्रिलको लागि जारी गरिएको दिशानिर्देश अनुसार तयारी गर्न निर्देशन दिनु भयो। उहाँले अस्पताल र अग्नि सेवाहरूको सुचारु सञ्चालनका साथै आवश्यक वस्तुहरूको निर्बाध आपूर्ति सुनिश्चित गर्ने व्यवस्था मिलाउनुपर्ने बताउनु भयो। बैठकमा गृहमन्त्रीले अपरेशन सिन्दूरको बारेमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रति आभार व्यक्त गर्नुका साथै अपरेशन सिन्दूरभारतको सिमाना, सेना र नागरिकहरूलाई चुनौती दिनेहरूलाई भारतको उचित जवाफ भएको बताउनुभयो। उहाँले भन्नुभयो, यो संसारको लागि एउटा बलियो सन्देश हो अनि अपरेशन सिन्दूरले मोदी सरकारको आतंकवादलाई बिल्कुलै सहन नगर्ने नीतिको सम्पूर्ण विश्वसामु प्रमाण प्रस्तुत गरेको छ। गृहमन्त्रीले यस समय देशको एकताले देशवासीको मनोबल बढाएको बताए। जम्मू कश्मीर र लद्दाखका उपराज्यपालहरू, उत्तर प्रदेश, उत्तराखण्ड, पञ्जाब, राजस्थान, गुजरात र पश्चिम बंगालका मुख्यमन्त्रीहरू र सिक्किम सरकारका प्रतिनिधिले भिडियो कन्फरेन्स मार्फत बैठकमा भाग लिएका थिए।

**मॉक ड्रिल**

देश भरिको 244 जिल्ला सहित दिल्लीको 11 जिल्लामा हिज साझ नागरिक सुरक्षा अभ्यासको आयोजन गरियो । यस अभ्यासमा सायरनको साथमा मॉक ड्रिल गरियो जसमा हजारौ स्वयं सेवक, अधिकारि, बचाव दल, दिल्ली पुलिस, डी.डी.ए, दिल्ली अग्निशमन विभाग अनि जल बोर्ड समेत अन्य एजेंसिहरुले भाग लिए । गत महिना पहलगाममा निर्दोष पर्यटकहरुको हत्या पछि भारत अनि पाकिस्तान माझ बढिरहेको तनावलाई ध्यान राख्दै केन्द्र सरकारको निर्देशमा यो मॉक ड्रिल आयोजना गरिएको थियो । यसका साथै पश्चिम बंगल, हरियाणा, केरल, तेलंगाना, चेन्नई, उत्तर खण्ड लगायत पुरोत्तर भारतको राज्यहरुमा पनि मॉक ड्रिलको आयोजना गरिएको खबर प्राप्त भएकोछ |

**मध्य रेलवे-मॉक ड्रिल**

मध्य रेलवेको नागरिक सुरक्षा संगठनले आज मुंबईको छत्रपति शिवाजी महाराज टर्मिनसमा सफलतापूर्वक मॉक ड्रिल आयोजन गरेको छ।गंभीर परिस्थितिहरुमा सुरक्षा मानकको परीक्षण गर्नका लागि अभ्यास गरियो। मॉक ड्रिलले प्रमुख रुपमा हवाई हमलाको सायरनलाई सक्रिय गर्न, नागरिकहरुलाई उचित उपाय अपनाएर सुरक्षा सुनिश्चित गर्न अनि यस्तो अलर्ट अवधि जोखिमबाट बच्ने सावधानी कदम उठाउनु सामेल छन्।प्रशिक्षित कर्मिहरुले गंभीर चोटको मामिलामा रक्तस्रावलाई कम गर्न जीवन रक्षक तकनीकको पनि प्रदर्शन गर्यो। ड्रिलमा अग्नि सुरक्षा प्रोटोकॉललाई पनि सामेल गरिएको थियो।यो अभ्यासमा मध्य रेलवेका 30 प्रशिक्षित नागरिक सुरक्षा स्वयंसेवकहरुले सक्रिय भागीदारी दर्ता गरे।

****** ० ******

**राजनाथ - अपरेशन सिन्दूर**

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ, भारतले अपरेशन सिन्दूरको साथ बदला लिने आफ्नो अधिकार प्रयोग गरेको हो र धेरै विचार-विमर्श पछि सन्तुलित तरिकाले कारबाही गरिएको हो । श्री सिंहले हिज नयाँ दिल्लीमा सीमा सडक संगठन (BRO) को ६६ औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भारतीय सशस्त्र बलले अपरेशन सिन्दूरको समयमा आफ्नो बहादुरी र साहस प्रदर्शन गरेर इतिहास रचेको बताउनु भयो। उहाँले भारतीय सशस्त्र बलले पाकिस्तानमा आतंकवादी तालिम शिविरहरू नष्ट गर्दा सटीकता, सतर्कता र संवेदनशीलताका साथ काम गरेको बताउनुभयो। रक्षामन्त्रीले सशस्त्र बलले संवेदनशीलता प्रदर्शन गरेको र अपरेशन सिन्दूरको क्रममा कुनै पनि नागरिक प्रभावित नहुने कुरा सुनिश्चित गरेको पनि बताउनुभयो।

**विदेशमन्त्री-एनएसए अपरेशन सिन्दूर**

विदेशमन्त्री एस. जयशंकरले हिज स्पेन, जर्मनी, फ्रान्स, कतार र जापान लगायतका विदेशमन्त्रीहरूसँग कुराकानी गर्नुभयो र अपरेशन सिन्दूर अन्तर्गत सीमापार आतंकवाद विरुद्ध भारतको कडा कारबाहीको बारेमा छलफल गर्नुभयो। पाकिस्तान र पाकिस्तान प्रशासित जम्मू कश्मीरका नौ स्थानमा आतंकवादी र आतंकवादी पूर्वाधारमाथि गरिएको हमलापछि राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले धेरै देशका सुरक्षा सल्लाहकारहरूसँग पनि कुरा गर्नुभएको थियो।

**हवाई आक्रमण - विश्व प्रतिक्रिया**

भारतीय सेनाले गरेको अपरेशन सिन्दूरपछि विश्व समुदायले भारतसँग ऐक्यबद्धता देखाएको छ। इजरायलले आतंकवाद विरुद्ध भारतको आत्मरक्षाको अधिकारलाई समर्थन गरेको छ। भारतका लागि इजरायलका राजदूत रुवेन अजरले X मा आफ्नो पोस्टमा भन्नुभएको छ इजरायलले भारतको आत्मरक्षाको अधिकारलाई समर्थन गर्दछ र आतंककारीहरूले थाहा पाउनुपर्छ कि निर्दोष मानिसहरू विरुद्ध जघन्य अपराध गरेपछि उनीहरूले लुक्ने ठाउँ पाउने छैनन्। रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले भन्नुभयो, रुसले कुनै पनि आतंकवादी कार्यको कडा निन्दा गर्दछ र सबै प्रकारका आतंकवादी कार्यहरूको विरोध गर्दछ। जापानका विदेशमन्त्री इवाया ताकेशीले आतंकवाद विरुद्ध आफ्नो देशको कडा अडानलाई पुन: पुष्टि गर्दै दुवै देशलाई संयम अपनाउन अपील

गर्नुभएको छ। जर्मन विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा दुवै राष्ट्रलाई शान्त रहन आह्वान गरेको छ। कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीले विदेशमन्त्री एस. जयशंकरसँग कुरा गर्दै संवाद र शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान खोज्न मद्दत गर्ने प्रस्ताव गर्नुभएको छ । यस अघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तनाव चाँडै अन्त्य हुने आशा व्यक्त गर्नुभएको छ।

**जम्मू-कश्मीर-निकासी**

जम्मू कश्मीरको नियन्त्रण रेखा र जम्मू क्षेत्रको अन्तर्राष्ट्रिय सीमा नजिकै बसोबास गर्ने सयौं बासिन्दाहरूलाई सुरक्षित स्थानहरूमा सारिएको छ। हिज बिहानै देखि , पाकिस्तानी सेनाले जम्मू क्षेत्रको पुंछ र राजौरीका गाउँहरूमा तोपखाना र मोर्टार गोलाबारी गरेको थियो। यसमा चार बालबालिका र दुई महिलासहित १२ जनाको मृत्यु भयो। ५० भन्दा बढी व्यक्ति घाइते भएका छन्।

**राजस्थान-अलर्ट**

ऑपरेशन सिंदूर पछि राजस्थानमा अलर्ट जारी गरिएकोछ । सीमा सुरक्षा बल अनि राजस्थान पुलिस द्वारा सीमावर्ती क्षेत्रमा विशेष निगरानी एवम सतर्कता अपनाइँएको छ । यसै बीच, मुख्यमंत्री भजनलाल शर्माले जयपुरमा एक उच्च स्तरीय बैठकमा भाग लिनु भयो । उहाले सिमा क्षेत्रमा विशेष निगरानी राख्न निर्देश दिनु भयो । मुख्यमंत्रीले अधिकारिहरु संग केन्द्रीय एजेंसिहरु सित समन्वय राख्दै आपदा प्रबंधन अनि नागरिक सुरक्षाको लागि सबै आवश्यक कदम सुनिश्चित गर्न भन्नु भयो । मुख्य सचिव सुधांश पंतले आम मानिसहरुलाई सतर्क रहन अनि अफवाहरुमा ध्यान नदिन आग्रह गर्नु भयो ।

**रोहित टेस्ट क्रिकेटबाट सन्यास**

भारतीय कप्तान तथा ब्याट्सम्यान रोहित शर्माले टेस्ट क्रिकेटबाट सन्यासको घोषणा गरेका छन्। उनले सामाजिक सञ्जाल पोस्ट मार्फत यो जानकारी दिए। रोहित शर्माले ६७ टेस्ट खेलमा ४०.५७ को औसतमा ४३०१ रन बनाएका छन्। यसमा बाह्र शतक र १८ अर्धशतक समावेश छन्। यसैबीच, ३८ वर्षीय रोहितले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलहरूमा भारतको प्रतिनिधित्व गरिरहनेछन्।